# नवदुर्गा राजपत्र

## नवदुर्गा गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या १ मिति २०८२ श्रावण २ गते**


## भाग १

## नवदुर्गा गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं १

**केहि स्थानीय ऐनलाई संशोधन गर्ने, २०८२**

**प्रस्तावना:** नवदुर्गा गाउँपालिकाबाट यस अघि बनेका केहि स्थानीय ऐनलाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

नवदुर्गा गाउँपालिका गाउँ सभाको १८ औ अधिवेशनबाट यो केहि स्थानीय ऐन संशोधन गर्न बनेको बिधेयक, २०८२ जारी गरिएको छ।

१. **प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७४ मा संशोधनः**

(१) प्रस्तावनामा संशोधन गरी **"गाउँपालिकाको प्रशासकीय प्रकृतिका काम कारबाहीलाई नियमित र व्यवस्थित गर्न प्रशासकीय कार्यविधि सम्बन्धी कानुन बनाउन वाञ्छनीय भएकोले,"** राखिएको।

(२) **दफा** २ (ङ)मा "२०७२" हटाईएको

(३) **दफा ३** (१) मा संशोधन गरी "नेपालको संविधान, संघ तथा प्रदेश कानुनले गाउँपालिकालाई तोकेका प्रशासनिक प्रकृतिका काम कारबाहीका विषयमा अपनाउनु पर्ने कार्यविधि नियमित गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ" राखिएको।

(४) **दफा ३** (१) मा संशोधन गरी "गाउँपालिकाले संविधान, संघ र प्रदेश कानुन तथा यस ऐनको अधिनमा रही गाउँ आफ्नो जिम्मेवारीका बिषयमा प्रशासनिक कार्य नियमित गर्न तथा स्वीकृत बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको कार्यविधि निर्धारण गर्न आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।" राखिएको।

२. **आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७४ मा संशोधनः**

**(१)** दफा २ परिभाषाबाट "खण्ड (ख), (ग), (घ), (थ), (र), (ल)" हटाइएको ।

३. **सहकारी ऐन २०७५ मा संशोधनः**

(१) प्रस्तावनामा "नेपालको संविधानको धारा २२६ बमोजिम" थप गरिएको।

(२) दफा ६ (३) मा "तर, यस्ता सहकारीहरुले दफा ६.क. बमोजिम गाउँपालिकामा सूचिकरण गर्नु पर्नेछ" थप गरिएको।

(३) दफा ६ क थप गरी देहायको बेहोरा थप गरिएको

- ६ क. **सुचिकरण र नविकरण गर्नु पर्नेः**
  (१) यस गाउँपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले तोकिए बमोजिम गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ ।
- यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले तोकिए बमोजिम बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ ।

(४) दफा ११ मा "(ङ) बचत तथा ऋण सहकारी: बचत तथा ऋणको मुख्य कारोबारो गर्ने संस्था ।" थप गरिएको।

(५) परिच्छेद १९ मा संशोधन गरी देहायको व्यवस्था राखिएकोः "परिच्छेद–१९ जरिवाना वा अन्य प्रशासनिक कारबाही सम्बन्धी व्यवस्था।"

(६) दफा ७९ मा संशोधन गरी देहायको व्यवस्था राखिएकोः

"<u>जरिवाना वा अन्य प्रशासनिक कारबाही गर्न सक्नेः</u> (१) सहकारी संस्थाहरूले निम्न उल्लंघन गरेमा जरिवाना वा अन्य प्रशासनिक कारबाही गर्ने सकिनेछ।"

(क) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएका दायित्व पूरा नगरेमा।

(ख) सहकारीको उद्देश्यभन्दा बाहिर गएर वित्तीय कारोबार गर्दा।

(ग) लेखा परीक्षण नगरेको वा गलत विवरण प्रस्तुत गरेको ।

(घ) व्यवस्थापकीय वा संस्थागत अनियमितता भएमा।

(२) उपदफा (१) बमोजिमको कार्य गरेमा उल्लंघनको अवस्था हेरी गाउँपालिकाले रु पाँच हजार देखि दश हजार सम्म जरिवाना गर्न सक्नेछ।"

(७) दफा ८० मा संशोधन गरी "<u>सजायः</u> कसैले संघीय सहकारी ऐनमा उल्लिखित कसूर गरेमा प्रचलित संघीय कानुन बमोजिमको सजाय हुनेछ।" राखिएको।

**(८)** दफा ८१ हटाइएको।

**(९)** दफा ८२ मा संशोधन गरी "रोक्का राख्नेः (१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ७९

बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैंक खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ। " राखिएको।

(१०) दफा ८४, ८५, ८६ र ८७ हटाइएको ।

(११) दफा ८८ संशोधन गरी "पुनरावेदन गर्न सक्ने :(१) दफा ७९ बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछ।" राखिएको।

(१२) दफा ८९ संशोधन गरी "असूल उपर गरिने : यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।" राखिएको।

(१३) दफा ८९ क थप गरी देहायको व्यवस्था राखिएकोः

"९८ क. गाउँपालिका सहकारी संघको गठनः (१) सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरणका ललायतका कार्य गर्न यस ऐन

बमोजिम दर्ता वा सुचिकृत भई कार्यरत भएका कम्तीमा १५ वटा संस्थाहरुले आपसमा मिलि आफ्नो सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) गाउँपालिका सहकारी संघको काम कर्तव्य, अधिकार र संचालन तथा व्यवस्थापन कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

**९८. ख. <u>गाउँपालिका सहकारी प्रवद्धन वोर्ड गठनः</u>** (१) गाउँपालिकाले गाउँपालिका भित्रका सहकारीहरुको संस्थागत सुशासन तथा विकास अवस्था, सहकारी खेती तथा व्यवसायमुलक एवं रोजगारमुलक योजनाको सम्भाव्यता अध्ययन सहित समग्र विकासका लागि योजना निर्माण, उत्कृष्ठ सहकारीहरुलाई प्रोत्साहन लगायत कार्यमा सुझाव, परामर्श, सहजीकरण, अनुगमन, सहयोग लगायतका विषयमा रेखदेख गर्न गाउँपालिकाले गाउँपालिका सहकारी प्रवर्द्धन वोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वोर्डको गठन तथा काम कर्तव्य र अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ।"

४. **<u>आकस्मिक ऐन,२०७४ मा संशोधनः</u>**

(१) प्रस्तावनामा संशोधन गरी"गाउँपालिका क्षेत्रमा आउन सक्ने अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० मा उल्लिखित

आकस्मिक कोषको स्थापना र सञ्चालन सम्वन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम यस गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।" राखिएको।

(२) दफा ३ बाट" स्थानीय तहमा" भन्ने शब्दावली हटाइएको।

(३) दफा ४ बाट" स्थानीय तहमा" भन्ने शब्दावली हटाइएको।

(४) दफा ४ मा संशोधन गरी "गाउँसभाले स्थानीय आकस्मिक कोषमा पहिलो पटक रु पच्चीस लाख जम्मा गरिनेछ।" राखिएको।

(५) दफा ५ मा संशोधन गरी देहायको व्यवस्था राखिएको:

**"५. <u>आकस्मिक कोष खर्च गर्न सकिने क्षेत्रहरु:</u>** आकस्मिक कोषको रकम देहायका अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न खर्च गर्न सकिनेछ;

(क) प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन

(१) भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, असिना जस्ता प्राकृतिक विपद्का लागि,

(२) महामारीका बेला औषधि, उपचार, राहत तथा स्वास्थ्य सामग्री खरिदका लागि, र

(३) अन्य आकस्मिक उद्धार तथा राहतकार्य (खाद्य वितरण, अस्थायी बासस्थान व्यवस्था आदि)।

(ख) वित्तीय तथा आर्थिक संकट

(१) अत्यावश्यक सार्वजनिक सेवा (जस्तै, खानेपानी, स्वास्थ्य सेवा, विद्युत्, सडक मर्मत) संचालनमा अचानक बजेटको अभाव भएमा,

(२) गाउँपालिकाका आपूर्तिकर्ता भुक्तानी गर्न असहजता उत्पन्न भएमा, र

(३) महँगी नियन्त्रण तथा बजार व्यवस्थापनका लागि आकस्मिक हस्तक्षेप गर्नुपर्ने अवस्थामा।

(ग) कानूनी वा न्यायिक खर्चहरू

(१) गाउँपालिका विरुद्ध दायर मुद्दा समाधानका लागि कानूनी परामर्श खर्च, र

(२) कुनै अदालती निर्णयअनुसार क्षतिपूर्ति वा अन्य कानूनी दायित्व पूरा गर्नुपर्ने अवस्थामा।

(घ) अत्यावश्यक पूर्वाधार मर्मत तथा पुनःनिर्माण

(१) आकस्मिक रूपमा पुल, बाटो, विद्यालय, अस्पताल, तथा अन्य सार्वजनिक संरचनामा क्षति पुगेमा, र

(२) आकस्मिक रूपमा ढल तथा खानेपानी व्यवस्थापन आवश्यक परेमा।

(ङ) सुरक्षासम्बन्धी आकस्मिक खर्च

(१) स्थानीयस्तरमा सार्वजनिक शान्ति तथा सुरक्षामा आकस्मिक संकट उत्पन्न भएमा, र

(२) सार्वजनिक सेवा स्थापनाहरूमा आकस्मिक सुरक्षा उपायहरू लागू गर्नुपर्ने अवस्थामा।

(च) अन्य आकस्मिक परिस्थितिहरूः नेपाल सरकार वा प्रदेश सरकारबाट आकस्मिक रूपमा अनुदान वा राहत कार्यक्रम सञ्चालन गर्न निर्देशन भएमा।"

५. <u>पूर्वाधार व्यवस्थापन ऐन, २०७४ मा संशोधनः</u>

(१) प्रस्तावनामा संशोधन गरी " नेपालको संविधानको धारा २२६ नवदुर्गा गाउँसभाले यो ऐन बनाएको छ।" राखिएको।

(२) दफा ५ मा संशोधन गरी "(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्न दायाँ बायाँ थप जग्गा लिनु परेमा सम्बन्धित जग्गाधनीको सहमति लिनु पर्नेछ।

(३)क. उपदफा (३) बमोजिम जग्गाधनीको सहमति प्राप्त नभएमा गाउँपालिकाले प्रचलित सरकारी दररेट अनुसारको क्षतिपूर्ति दिई सडक विस्ताका लागि थप जग्गा अधिग्रहण गर्न सक्नेछ।" राखिएको।

(३) दफा ७(२) मा संशोधन गरी देहायको व्यवस्था राखिएको।

(क) खानेपानी र घरायसी प्रयोजन

(ख) पशुपालन तथा मत्स्यपालन

(ग) सिंचाइ

(घ) पर्यावरण, जलचर बन्यजन्तु उद्योग

(ङ) जलविद्युत

(च) खानी तथा औद्योगिक उपयोग

(छ) जलयातायात

(ज) धार्मिक साँस्कृतिक प्रयोजन

(झ) आमोद प्रमोद तथा पर्यटन

(४) दफा ७(२) मा संशोधन गरी "(४)क. यस दफा बमोजिम जलस्रोतको खानेपानी प्रयोजनका लागि गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन बमोजिम र अन्य प्रयजनका लागि यसै ऐन अन्तर्गत तोकिए बमोजिमको प्रक्रिया पुरा गरी अनुमति लिनु पर्नेछ" राखिएको।

(५) दफा ९ बाट "खानेपानी, सिंचाई जस्ता" शब्दावली हटाईएको।

(६) दफा १० (५) बाट "गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्नेछ।" भन्ने व्यवस्था हटाईएको।

(७) दफा ११ को उपदफा (१) देखि (६) सम्मका सबै व्यवस्था हटाईएको ।

(८) दफा १२ हटाइएको ।

(९) दफा १४ (२) मा संशोधन गरी "(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी कार्यविधि, निर्देशिका र मापदणड तयार गर्नेछ।" राखिएको।

(१०) दफा १७ मा संशोधन गरी "**<u>बस्ती विकासको लागि अनुमति दिनेः</u>** गाउँपालिकाले गरेको जग्गाको वर्गिकरण अन्तर्गत आवासीय क्षेत्रमा कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ।" राखिएको।

(११) दफा १७ मा संशोधन गरी "**<u>पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनः</u>** गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुनले तोकेको प्रक्रियाहरु अवलम्बन गरिनेछ" राखिएको।

(१२) दफा २१ हटाइएको ।

६. **<u>नवदुर्गा गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७६ मा संशोधनः</u>**

(१) दफा २ को खण्ड (ग) (झ) (ठ) (त) (द) (न) (फ) (भ) हरु हटाइएको ।

(२) दफा ७ को "(ख) प्रचलित कानून र संबिधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको ।" हटाइएको।

(३) दफा ८ (३) (झ) मा "(झ)१. सम्पत्ति रोक्का/फुकुवा वा अन्तरिम संरणात्मक आदेश माग गर्नु पर्ने भएकोमा सोको व्यहोरा।" थप गरिएको छ।

(४) दफा ८ मा देहायको बेहोरा थप गरिएको छः

"**८.क. <u>दफा ८ क. मेलमिलाप केन्द्रले विवाद दर्ता गर्न सक्नेः</u>** (१) कुनै व्यक्तिले आफूलाई मर्का परेको बिषयमा सम्बन्धित वडामा रहेको मेलमिलाप केन्द्रमा समेत निवेदन दर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलाप केन्द्रमा निवेदन आएमा केन्द्रको संयोजक वा विवाद दर्ता गर्न तोकिएको व्यक्तिले तत्काल गाउँपालिकाको उजुरी प्रशासन शाखामा त्यसको प्रतिलिपी पठाई विवाद दर्ता गर्न मिल्ने वा नमिल्ने राय लिनु पर्नेछ।

(३) उजुरी प्रशासकले उपदफा (२) बमोजिम मेलमिलाप केन्द्रबाट प्राप्त निवेदन दर्ता

गर्न मिल्ने वा नमिल्ने निर्णय गरी दर्ता गर्न मिल्ने भए न्यायिक समितिको मूल दर्ता किताबमा दर्ता गरी त्यसको दर्ता निस्सा सहित मेलमिलाप केन्द्रलाई मेलमिलाप प्रक्रिया सञ्चालन गर्न अनुसूची २ बमोजिमको ढाँचामा मेलमिलाप सत्र सञ्चालन गर्न अनुमति प्रदान गर्नुपर्छ भने दर्ता गर्न नमिल्ने भएको सोको कारण सहित मेलमिलाप केन्द्रलाई जानकारी गराउनु पर्नेछ।

(४) यस दफा बमोजिम प्राप्त निवेदन मेलमिलाप प्रक्रियामा प्रेषण गरेको अवस्थामा लिखित प्रतिउत्तर पेश गर्नु पर्ने छैन।

तर, न्यायिक समितिले निर्णय गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) अन्तर्गतको विवादमा उल्लेखित मेलमिलाप प्रक्रिया सफल नभएमा भने न्यायिक समितिले लिखित प्रतिउत्तर माग गर्न सक्नेछ।"

(५) दफा २२ मा उपदफा (६) र (७) मा संशोधन गरी देहायको बेहोरा रखिएको छ।

"(६) यस ऐन बमोजिम म्याद जारी गर्नुपर्दा अनुसूची-७क. वा अनुसूची-७ ख. बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

उप दफा (६) बमोजिम म्याद तामेली पश्चात अनुसूची ८ बमोजिमको म्याद तामेली गरेको भरपाई गर्नु पर्नेछ।"

(६) दफा ४९ मा उल्लिखित उजुरी शाखा/ फाँट तथा अभिलेख शाखा/फाँट भन्ने शब्दालाई संशोधन गरी **"न्याय प्रशासन शाखा"** राखिएको छ।

(७) दफा ५५ (२) मा संशोधन गरी "(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनि अनुसूची १३ बमोजिम आदेश गरी दिनुपर्नेछ" राखिएको छ।

(८) सबै अनुसूचीहरु संशोधन गरिएका छन्।

**आज्ञाले**

हर्ष बहादुर रोका

प्रमुख प्रशासकीय अधिकृत

नवदुर्गा गाउँपालिका